नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ ।

## प्रेस विज्ञप्ती

आज मिति २०७३ कार्तिक ७ गतेका दिन लोक सेवा आयोगबाट सिफारिश भई आएका नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह, नेपाल प्रशासन सेवा, राजस्व समुहका तथा नेपाल प्रशासन सेवा, लेखा समुहका ७३ गरी जम्मा ३७३ जना राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरुलाई एक समारोहका बीच निजामती सेवामा प्रवेशको सपथ गराई नियुक्ति समेत दिइयो । उक्त कार्यक्रमको प्रमुख अतिथि सामान्य प्रशासन मन्त्री माननीय केशवकुमार बुढाथोकी रहनु भएको थियो भने कार्यक्रमको अध्यक्षता सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्ण चन्द्र भट्टराईले गर्नु भएको थियो ।

तीन चरणमा गरी सपथ गराई नियुक्त प्रदान गरिएको उक्त कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सहसचिवहरु, नेपाल प्रशासनिक प्रतिष्ठानका बरिष्ठ निर्देशक एवं निर्देशक लगायतका कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा आफ्नो निर्देशन मन्तब्य राख्दै कार्य्रकमका प्रमुख अतिथि एवं सामान्य प्रशासन मन्त्री माननीय केशव कुमार बुढाथोकीले निजामती सेवाकै इतिहासमा यति ठुलो संख्यामा त्यसमा पनि विभिन्न क्षेत्र, लिङ्ग, वर्गको समावेशी समुहलाई निजामती सेवामा स्वागत गर्न पाउंदा गौरवान्वित भएको उल्लेख गर्नु भयो । मन्त्री बुढाथोकीले नवनियुक्त सबै अधिकृतहरुलाई निजामती सेवामा स्वागत तथा बधाई ज्ञापन गर्दै आचरणयुक्त व्यवहार र भ्रष्ट्चारमुक्त शासन निर्माणमा योगदान दिन सबै अधिकृतहरुलाई निर्देशन दिनुभयो । उक्त कार्यक्रममा आफ्नो मन्तब्य राख्दै कार्यक्रमका अध्यक्ष तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री पूर्ण चन्द्र भट्टराईले नवनियुक्त अधिकृतहरुले आजे देखि आफ्नो आचरणमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । सचिव श्री भट्टराईले भन्नुभयो, तपाँईहरुको आचरण र क्रियाकलापले निजामती सेवामा तपाँइहरुको भविष्य निर्धारण गर्ने बताउनुभयो ।

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार

नवनियुक्त अधिकृतहरुलाई निजामती सेवामा स्वागत गर्दै सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री मुकुन्दप्रसाद निरौलाले नवनियुक्त अधिकृतहरुलाई सेवाग्राहीप्रति सेवाभावको भावना लिएर गुणस्तरीय तथा प्रभावकारी सेवा प्रदान गर्न आग्रह गर्नुभयो । कार्यक्रममा मन्त्रालयका सहसचिव श्री नीता पोखरेलले नवनियुक्त अधिकृतहरुबाट सरकारले गरेको अपेक्षा र आगामी दिनमा निजहरुले निर्वाह गर्नुपर्ने भूमिकाको सन्दर्भमा चर्चा गर्दै नवनियुक्त अधिकृतहरुको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आयोजना गर्ने आधारभूत प्रशासनिक प्रशिक्षण (BAT) बारे समेत चर्चा गर्नुभयो । त्यसैगरी कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री प्रदीपकुमार कोइरालाले नवनियुक्त अधिकृतहरुको लागि आधारभूत प्रशासनिक प्रशिक्षण (BAT) प्रारम्भ हुनु अघि काठमाण्डौ उपत्यका स्थिति विभिन्न सरकारी निकायहरुको सेवा प्रवाहको अध्ययन गर्न तथा बजार अनुगमनमा आपूर्ति मन्त्रालयका अनुगमनकर्ताहरुलाई सहयोग गर्नेगरी तपाँइहरुलाई खटाइएकोले तोकिएको अवधिभित्र उक्त कार्य सम्पन्न गरी प्रतिवेदन बुझाउन आग्रह गर्नु भयो । सहसचिव श्री कोइरालाले अध्ययनका क्रममा प्रत्येक समुहले कम्तीमा १०/१० जना सेवाग्राहीहरुबाट सेवाग्राही सन्तुष्टी सर्वेक्षण फाराम समेत भराउनु पर्ने उल्लेख गर्नुभयो । सपथ तथा नियुक्ति पश्चात् नवनियुक्त अधिकृतहरुलाई खटाइएको सम्बन्धी पत्र समेत उपलब्ध गराइएको थियो । नवनियुक्त अधिकृतहरुमध्ये अधिकांश निजामती सेवा भित्रबाट पदोन्नती भएका र करीब १२५ जना निजामती सेवाभन्दा बाहिरबाट निजामती सेवामा प्रवेश गरेका अधिकृतहरु रहेका थिए ।